*मिति २०७८ वैशाख २० गते थाहानगरमा क्रियाशील राजनीतिक दल तथा संघ संस्थाका प्रमुखहरुबीच थाहानगर प्रमुख श्री लवशेर विष्टज्यूको अध्यक्षतामा भएको बैठकको निर्णय:*

१. थाहा नगरपालिकाले कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि हालसम्म भएको प्रयास र उपलब्धीको विषयमा समिक्षा भएको ।

२. थाहा नगरपालिका क्षेत्रमा कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि तपसिलको पदाधिकारी रहने गरी **नगरस्तरीय कोभिड रोकथाम तथा नियन्त्रण निर्देशक समिति** गठन गरी क्रियाशील बनाउने निर्णय गरियो ।

- संयोजक : श्री लवशेर विष्ट (नगर प्रमुख)
- उपसंयोजक : श्री खड्ग गोपाली (नगर उपप्रमुख)
- सदस्य : श्री सुरेन्द्रमान प्रधान (नेकपा एमाले)
- सदस्य : श्री योगन्द्रमान श्रेष्ठ (नेपाली काँग्रेस)
- सदस्य : श्री अरुण रायमाझी (नेकपा माओवादी केन्द्र)
- सदस्य : श्री इन्द्र बहादुर श्रेष्ठ (जनता समाजवादी पाटी)
- सदस्य : श्री नविन रायमाझी (राप्रपा )
- सदस्य : श्री माधव कार्की (विवेकशील साझा पाटी)
- सदस्य : श्री दिनेश विष्ट (राष्ट्रिय जनमोर्चा)
- सदस्य : प्र.नि. श्री श्रीराम तिमल्सिना (इलाका प्रहरी प्रमुख)
- सदस्य : श्री भरत गोपाली (थाहानगर उद्योग वाणिज्य संघ)
- सदस्य : श्री संगम कार्की (पालुङ जेसीज)
- सदस्य : श्री हरिकृष्ण कार्की (नेपाल रेडक्रस सोसाइटी)
- सदस्य सचिव : श्री विवेक विडारी (कोभिड सचिवालय संयोजक)

*निर्देशक समितिको नियमित बैठक साप्ताहिक रुपमा बसी समिक्षा गर्ने र यसका अलवा आकस्मिक बैठकका लागि नियमित बैठकको अवधि नकुरी अगावै बस्न सकिने निर्णय गरियो ।*

३. कोभिड रोकथाम तथा नियन्त्रणका लागि वडास्तरमा अनुगमन, सचेतनामुलक कार्यक्रम र रोकथाम नियन्त्रणका क्रियाकलापहरु संचालनका लागि वडास्तरीय राजनीतिक दल, सक्रिय संघसंस्था, सुरक्षा निकाय, स्वास्थ्य संस्थालगायतको प्रतिनीधित्वसहित वडा सचिव समितिको सदस्यसचिव रहने गरी **वडास्तरीय कोभिड रोकथाम तथा नियन्त्रण परिचालन समिति** गठन गर्न वडा कार्यालयहरुलाई पत्रचार गर्ने निर्णय गरियो । साथै समिति गठन तथा परिचालन भए/नभएको अनुगमन गरी **नगरस्तरीय कोभिड रोकथाम तथा नियन्त्रण निर्देशक समितिले** सहजीकरण र पृष्ठपोषण गर्ने निर्णय गरियो ।

नेपाल सरकार
थाहा नगरपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल